नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रविधि प्रदर्शन सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन, ललितपुर

# प्रविधि प्रदर्शन सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७/०६/२६

**प्रस्तावना:** आयोजना क्षेत्रका खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडिएका, आदिबासी, महिला र विस्थापित समुदायको खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउन जलवायु तथा पोषणमैत्री प्रविधिहरूको प्रदर्शनको माध्यमबाट लाभग्राहीहरूको कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम नविनतम् प्रविधि प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने अभिप्रायले **प्रविधि प्रदर्शन सञ्चालन कार्यविधि, २०७७** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"प्रविधि प्रदर्शन सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनुपर्छ।

(घ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(च) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन र पोषण सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।

(छ) **"प्रदर्शन"** भन्नाले कृषकहरूलाई उत्पादनका सम्पूर्ण पक्षहरू वा कुनै खास खास पक्षमा क्रमवद्ध रूपमा काम गरेरै व्यावहारिक ज्ञान-सीप सिकाउने थलोलाई सम्झनु पर्दछ ।

(ज) **"लाभग्राही"** भन्नाले आयोजनाबाट प्रत्यक्ष सेवा प्राप्त गर्ने कृषक समूह वा कृषक समूहका सदस्यहरूलाई सम्झनुपर्छ ।

(झ) **"कृषि तथा पशुसेवा प्राविधिक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरूबाट गाउँपालिकामा खटाइएका प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ञ) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनुपर्छ ।

३. **उद्देश्य:** (१) यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्

(क) किसानहरूलाई कृषि उत्पादनका उन्नत प्रविधिहरूबारे व्यावहारिक ज्ञान तथा सीप क्रमवद्ध रूपमा उपलब्ध गराई उनीहरूलाई उन्नत खेती प्रविधि तर्फ आकृष्ठ गराउनु,

(ख) जलवायु तथा पोषण मैत्री उन्नत प्रविधिहरूको प्रवर्द्धनबाट बालीनालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।

४. **कार्यक्रम विवरण:** (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाउँपालिकाहरू कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट आयोजना कार्यक्षेत्रका लागि सिफारिस गरिएका वा सिफारिस उन्मुख रहेका जलवायु तथा पोषण मैत्री प्रविधिहरू अवलम्बन गर्न कृषकहरूलाई प्रेरित गरिनेछ ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **लक्षित वर्ग:** (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडिएका, आदिबासी, महिला र विस्थापित घरपरिवार तथा समुदायलाई लक्षित गरिनेछ ।

(२) प्रविधि प्रदर्शन कार्यक्रम आयोजना क्लष्टर इकाईबाट सञ्चालन हुने बाली उत्पादन तथा पशुपन्छी पालन कृषक पाठशालाहरू मा संलग्न कृषकहरुको खेत बारीमा कार्यान्वयन गरिनेछ।

६. **प्रदर्शन सञ्चालन सम्बन्धी व्यवस्था:** (१) आयोजना क्लष्टर इकाईले दफा ५ बमोजिम कृषक समूहहरूमा समूह सदस्यहरूको आवश्यकता तथा सम्भावना हेरी तपसिलका प्रविधिहरू मध्येबाट प्रविधि प्रदर्शन कार्यक्रम शत प्रतिशत अनुदानमा सञ्चालन गर्नेछ:

सचिव

(क) धान, मकै, गहुँ, आलु, कोदो, फापर, मुसुरो, सिमी, मुङ्ग आदि बालीका उन्नत जातहरूको जातिय वा प्रविधि प्रदर्शन,

(ख) तरकारी तथा फलफुल बालीमा प्लास्टिकको छापो प्रयोगको प्रदर्शन,

(ग) तरकारी बालीमा रोगकीरा व्यवस्थापनका वैकल्पिक उपायहरू जस्तैः मोहनी पासो, खाद्य पासो, विजुली पासो आदिको प्रयोग प्रदर्शन । त्यस्तै बजारमा उपलब्ध विभिन्न जैविक तथा वानस्पतिक विषादीहरू तरकारी बालीमा प्रयोग प्रदर्शन,

(घ) घरैमा बनाउन सकिने वानस्पतिक विषादी निर्माण र तरकारी बालीमा प्रयोग प्रदर्शन,

(ङ) स्थायी पोलिहाउस निर्माण र त्यसभित्र तरकारी खेती प्रदर्शन, थोपा सिँचाइ सहित,

(च) गोठ तथा गोठेमल सुधार र पशुमूत्र संकलन प्रदर्शन,

(छ) घाँसेबाली संरक्षण तथा आहारा व्यवस्थापन प्रदर्शन,

(ज) पशुहरूमा परजीवी नियन्त्रण प्रदर्शन ।

(२) आयोजना क्लष्टर इकाईले समूहको आवश्यकताको आधारमा उपदफा (१) बमोजिमका प्रविधिहरूको प्रदर्शन निर्धारण गरी सञ्चालन गर्नेछ ।

(३) समूहहरूमा सञ्चालन गरिने उपयुक्त प्रदर्शन स्थलको छनौट सम्बन्धित कृषक समूहको सहमतिका आधारमा निर्धारण गर्नु पर्नेछ ।

(४) बाली अनुसार प्रदर्शन सञ्चालनको न्यूनतम क्षेत्रफल अनुसूची १ मा उल्लेख गरिए अनुसार हुनेछ।

(५) आवश्यकता अनुसार उपदफा (१) बमोजिमका उन्नत जात वा प्रविधि स्थानीय जात वा प्रविधिसंग तुलना गर्न प्रदर्शनमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

७. <u>प्रदर्शन सञ्चालनः</u> (१) आयोजना क्लष्टर इकाईले दफा ६ बमोजिम तय गरिएको विषयमा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न निम्न अनुसारका कार्यहरू गर्नेछः

(क) प्रदर्शन सञ्चालनको तरिका प्रक्रिया स्पष्ट खुलेको प्राविधिक जानकारी पत्र (Hand-out) तयारी,

(ख) प्रदर्शनका लागि आवश्यक सामग्री व्यवस्थापन,

(२) प्राविधिकले प्रदर्शित बाली वा प्रविधिको संवेदनशील अवस्थाहरू मध्ये दुई या तीनपटक कृषक समूहका सबै सदस्यहरूको भेला गराइ छलफल तथा अन्तर्क्रिया गराउनु पर्नेछ ।

(३) कृषक समूहमा प्रदर्शन सञ्चालन पुरा भएपछि प्रदर्शनका मुख्य सिकाईहरू समुदाय तहमा फैलाउनका लागि कृषक दिवस सञ्चालन गर्नु पर्नेछ र यो कृषक दिवस कृषक पाठशालाको नियमित कार्यक्रममा सञ्चालन हुने कृषक दिवससंग समायोजन गरी सञ्चालन गर्नु पर्नेछ ।



सचिव

## परिच्छेद -३
## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

८. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:** (१) प्रदर्शन सञ्चालन सम्बन्धी विस्तृत कार्य प्रगति-प्रतिवेदन सम्बन्धित सेवा प्रदायक तर्फका कृषि तथा पशुसेवा प्राविधिकले अनुसूची ३ बमोजिम तथ्याङ्कको अभिलेख तयार गरी सो को प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी मासिक, चौमासिक तथा वार्षिक रूपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ । साथै आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा अन्य निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(३) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद -४
## विविध

९. **बजेट सीमा:** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने प्रदर्शन कार्यक्रमहरू आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसूची **7.1** मा भएको बजेट सिमा तथा अनुसुची २ भित्र रही संचालन गर्नु पर्नेछ ।

१०. **गुनासो तथा उजुरी:** (१) यस कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

११. **अमान्य हुने** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१२. **प्रचलित कानुन बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछन् ।

१३. **बाधा अड्काउ फुकाउने:** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **खारेजी तथा संशोधन:** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्ने सक्नेछ ।



सचिव

## अनुसूची-१

### (परिच्छेद -२, दफा ६(४) सँग सम्बन्धित)

### बाली अनुसार प्रदर्शन सञ्चालनको लागि न्यूनतम क्षेत्रफल

| क्र.सं. | बाली | तराई-मधेश | पहाड |
|---|---|---|---|
| १ | खाद्यान्न तथा दलहन बाली | ६ कठ्ठा | ३ रोपनी |
| २ | घाँस बाली | १.५ कठ्ठा | १ रोपनी |
| ३ | आलुबाली | २५० वर्ग मिटर | २५० वर्ग मिटर |
| ४ | तरकारी बाली | ५०० वर्ग मिटर | ५०० वर्ग मिटर |
| ५ | तरकारी बालीमा रोगकीरा व्यवस्थापनका वैकल्पिक उपायहरू प्रदर्शन | ५०० वर्ग मिटर | ५०० वर्ग मिटर |
| ६ | स्थायी पोलिहाउस निर्माण र त्यसभित्र तरकारी खेती प्रदर्शन | - | ६० वर्ग मिटर |
| ७ | गोठ तथा गोठेमल सुधार र पशुमूत्र संकलन प्रदर्शनको हकमा कम्तीमा दुईवटा माउ गाईभैंसीका लागि थलो (भकारो) सुधार । प्रति गाई लम्बाइ १.७ मि. र चौडाइ १.२ मिटरका दरले करिब २ वर्ग मिटर र भैंसीलाई प्रति भैंसी लम्बाइ २.२५ मि. र चौडाइ १.३५ मिटरका दरले करिब ३ वर्ग मिटरका दरले भकारो र मूत्र संकलनका लागि करिब ५०० लिटर साइज (८०x८०x८० से.मि.) को सिमेन्टको टयाङ्की निर्माण ।<br>त्यसैगरी गोबर राख्ने ठाउँ (करिब ३x१.५ मिटर वा ३.५x१ मिटर)को खाल्डो, अर्धखाल्डो वा थुप्रोमाथि टिनको छानोको व्यवस्था । | | |

## अनुसूची-२

### (परिच्छेद -२ सँग सम्बन्धित)

### सञ्चालन गरिने प्रदर्शन कार्यक्रमको आर्थिक पक्ष

१. विभिन्न बालीनालीका उन्नत जातहरू तथा खेती प्रविधि सम्बन्धी प्रदर्शन अर्थात बाली उत्पादन प्रदर्शन, दफा ६(१-क र ख) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बीउ विजन वा छापोको लागि प्लास्टिक लगायत प्रदर्शनका लागि आवश्यक सामग्रीहरू | | | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार |
| २ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५x३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः दफा ६ को उपदफा (१) क र ख संग सम्बन्धी प्रदर्शन

सचिव

२. तरकारी बालीका रोगकीरा व्यवस्थापनका वैकल्पिक उपायहरू जस्तैः मोहनी पासो, खाद्य पासो वा बजारमा उपलब्ध विभिन्न जैविक/वानस्पतिक विषादी आदिको प्रयोग तथा नतिजा प्रदर्शन

दफा ६(१-ग र घ) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोगकीरा व्यवस्थापनका वैकल्पिक उपायहरू जस्तैः मोहनी पासो, खाद्य पासो वा बजारमा उपलब्ध विभिन्न जैविक तथा वानस्पतिक विषादी आदि | | | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार |
| २ | बीउ विजन लगायत प्रदर्शनका लागि अन्य सामग्रीहरू | | | | | |
| ३ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५X३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः दफा ६ को उपदफा (१) ग र घ संग सम्बन्धी प्रदर्शन

३. स्थायी पोलिहाउस निर्माण र त्यसभित्र तरकारी खेती प्रदर्शन, थोपा सिँचाइ सहित

दफा ६(१-ङ) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फलाम/आल्मनियमको पोल सहित कम्तीमा ६० व.मि.को प्लास्टिक घरको फ्रेम निर्माण | संख्या | १ | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार |
| २ | ९० जिएसएमको सिल्कपौलिन प्लास्टिक सिट | | | | | |
| ३ | ट्याङ्की सहित थोपा सिँचाइ सेट | | | | | |
| ४ | बीउ विजन लगायतका उत्पादन सामग्रीहरू सहयोग | | | | | |
| ५ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५X३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः दफा ६ को उपदफा (१) ङ संग सम्बन्धी प्रदर्शन

सचिव

## ४. गोठ तथा गोठेमल सुधार र पशुमूत्र संकलन प्रदर्शन,

दफा ६(१-च) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | थलो/भकारो सुधार र मूत्र संकलन ट्याङ्की निर्माणका लागि सिमेन्ट | | | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार |
| २ | दक्ष मिस्त्री ज्याला | | | | | |
| ३ | गोबर राख्ने ठाउँमा छानो हाल्न टिनका पाताहरू | | | | | |
| ४ | गोठबाट ट्याङ्कीसम्म मूत्र पुऱ्याउनका लागि १.५-२" को पाइप | | | | | |
| ५ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५x३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः (क) दफा ६ को उपदफा (१) च संग सम्बन्धी प्रदर्शन

(ख) थलो/भकारो सुधार र मूत्र संकलन ट्याङ्की निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, ईट्टा, गिट्टी, बालुवा आदि किसान आफैले व्यवस्था गर्ने । त्यसैगरी अदक्ष ज्यामी कामको व्यवस्था पनि किसान आफैले गर्ने ।

(ग) मुत्र संकलन सहज रूपमा गर्न गोठको भुइँको भिरालोपन (Slop) करिब ३% हुनु पर्ने ।

(घ) गोबर राख्ने ठाउँ (खाल्डो, अर्धखाल्डो वा थुप्रो) करिब ३x१.५ मिटरको वा ३.५x१ मिटर)को हुनु पर्ने र सो माथि टिनको छानो हाल्न आवश्यक टिनका पाताहरूको व्यवस्था आयोजनाले गर्ने र अन्य सामग्रीहरूको व्यवस्था सम्बन्धित किसान आफैले गर्नु पर्ने ।

## ५. घाँसेबाली संरक्षण तथा पशु आहारा व्यवस्थापन प्रदर्शन,

दफा ६(१-छ) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हरियो घाँस उत्पादनको लागि बीऊ, मल खरिद | | | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार, घाँसको जात र लगाउने विधि अनुसार |
| २ | साइलेज बनाउन प्लाष्टिक व्याग खरिद | | | | | |
| ३ | हाते च्याफकटर (एक थान) | | | | | |
| ४ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५x३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः (क) दफा ६ को उपदफा (१) छ संग सम्बन्धी प्रदर्शन

सचिव

(ख) पशु आहार व्यवस्थापन अन्तर्गत पराल, नल, छवाली आदि सुख्खा पशु आहार नकाटी खुवाउने प्रचलन भएका स्थानमा च्याफकटरले काटी, नुनपानीमा भिजाएर संभव भएसम्म हरियोघाँससंग मिसाइ खुवाउँदा पशुले रुचाएर खाने, आहारको सदुपयोग बढ्ने र पशु आहारको नोक्सानी पनि कम हुन्छ भन्ने विधि सिकाउने ।

(ग) प्रशस्त घाँस उत्पादन हुने समयमा बढी भएको घाँसलाई साइलेजको रूपमा संरक्षण गरी आहार कम हुने समयमा खुवाउन सकिन्छ भन्ने सिकाउने । प्रदर्शनका लागि पहाडमा करिब १ रोपनी र तराईमा १.५ कठ्ठा जमिनमा घाँस लगाई हरियो घाँस उत्पादन गर्ने र सोहि घाँसबाट प्लाष्टिक व्यागमा साइलेज बनाउने प्रविधि प्रदर्शन गर्ने । उच्च पहाडी वा लेकाली हावापानी भएका स्थानमा हे बनाउने प्रविधि प्रदर्शन गरिनु सान्दर्भिक हुनेछ ।

## ६. पशुहरूमा परजीवी नियन्त्रण प्रदर्शन (आन्तरिक वा वाह्य परजीवी नियन्त्रण, गाईभैंसी वा बाख्रा), दफा ६(१-ज) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | औषधि खरिद (५० बाख्रा) वा २५ गाई वा भैंसी) (गोबर जाँच गरी आन्तरिक परजीवी विरुद्ध औषधि खुवाउने) | | | | स्विकृत बार्षिक बजेट | जिल्ला दर रेट अनुसार |
| २ | बाह्य परजीवी नियन्त्रणका लागि औषधि, स्प्रेयर, मास्क र पञ्जा खरिद | | | | | |
| ३ | प्रदर्शन डिस्प्ले बोर्ड (साइज करिब ५x३ फिटको) | | | | | |
| | जम्मा | | | | | |

पुनश्चः (क) दफा ६ को उपदफा (१) ज संग सम्बन्धी प्रदर्शन

(ख) प्रदर्शन अन्तर्गत कुनै एक समूहमा आन्तरिक र बाह्य परजीवी नियन्त्रण दुवै गर्ने र आन्तरिक परजीवी नियन्त्रण विरुद्धको औषधि गोबर परीक्षण रिपोर्टका आधारमा गर्ने । कुनै स्थानमा वर्षमा कति पटक जुका विरुद्ध औषधि खुवाउन आवश्यक छ भन्ने थाहा पाउन यस प्रदर्शनबाट टेवा पुग्छ । प्रदर्शनमा संलग्न पशुको स्वास्थ्य अवस्था र उत्पादनमा पर्ने असर बारे जानकारी राख्ने र कृषक दिवसका अवसरमा समुदायका अन्य कृषकहरूलाई पनि अवगत गराउने ।

सचिव

अनुसूची-३

(परिच्छेद -३ सँग सम्बन्धित)

## प्रविधि प्रदर्शन सञ्चालन सम्बन्धी तथ्याङ्क संकलन तथा प्रगति प्रतिवेदनको ढाँचा

### (क) प्रदर्शनको नाम:

| | |
|---|---|
| समूहको नाम: | ठेगाना: |
| सहभागी कृषक संख्या: जम्मा= ......... (महिला= ......, पुरुष= ......... ) | |
| प्रदर्शन सञ्चालन गर्ने किसानको नाम, थर: | |
| ठेगाना: | ठाउँको उचाइ: |
| प्रदर्शन सञ्चालन गराउने जिम्मेवार प्राविधिक: . . . .. . .. . . . .. . . . . . . . .. | |
| सहयोगी प्राविधिकको नाम: | |

### (ख) प्रदर्शनको मुख्य नतिजा:

उत्पादन लिइएको प्लटको क्षेत्रफल- उन्नत जात/प्रविधि: ....... व.मि. किसानको जात/प्रविधि: ....... व.मि.

| प्रविधि | बाली टिप्ने बेला प्लटमा बोट संख्या | बाली अवधि (दिन) | उत्पादन (किलो) | यो प्रविधि कस्तो लाग्यो* | |
|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष |
| उन्नत जात/प्रविधि | | | | | |
| किसानको जात/ प्रविधि | | | | | |
| दुई प्रविधि बीचको फरक | | | | | |

*(१) नराम्रो, (२) ठीकै, (३) राम्रो, (४) धेरै राम्रो

| मन पराउनु वा नपराउनुका कारणहरू | महिला | पुरुष |
|---|---|---|
| मन पराउनुका कारणहरू | | |
| मन नपराउनुका कारणहरू | | |

यो प्रदर्शन प्रति किसानको प्रतिक्रिया:

यो प्रदर्शन प्रति सम्बन्धित प्राविधिकको प्रतिक्रिया:

सचिव